# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२.
E-mail : <nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३


पत्र संख्या : बै.वि.नि.वि. / नीति / सूचना / ८ / ०७७ / ७८

मिति: २०७७ / ०६ / २०

# सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको वार्षिक हिसाब सार्वजनिक गर्ने तथा लाभांश स्वीकृति प्रदान गर्दा अपनाइने प्रकृयामा एकरुपता कायम गर्न विद्यमान ***"इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७२"*** लाई खारेज गरी संलग्न बमोजिमको "***इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७"*** जारी गरिएको हुँदा सोही बमोजिम गर्नु / गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

कार्यकारी निर्देशक

# नेपाल राष्ट्र बैंक

## इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बालुवाटार

# इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उप-दफा (१) अनुसार इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले लाभांश घोषणा तथा वितरण गर्न यस बैंकको स्वीकृति लिनुपर्ने तथा यस बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नं. ४ अनुसार वार्षिक साधारण सभामा पेश गर्ने वार्षिक हिसाब सार्वजनिक गर्न यस बैंकको सहमति लिनुपर्ने व्यवस्था बमोजिम आवश्यक स्वीकृति र सहमति प्रदान गर्दा अपनाइने प्रकृयामा एकरुपता कायम गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकका गभर्नरबाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

## खण्ड (क)

## वित्तीय विवरण प्रकाशित गर्न सहमति प्रदान गर्ने सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो वार्षिक हिसाबलाई संचालक समितिमा अभिलेख र संचालकहरुको दस्तखत हुनु अगावै प्रारम्भिक रुपमा छलफलको लागि सम्बन्धित सुपरिवेक्षण विभागमा पेश भएपश्चात देहायका विषयहरु यकिन गरी सो समेतका आधारमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुसँग छलफल गरी संशोधन गर्नु पर्ने अवस्था देखिएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई जानकारी गराउने ।

१. लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन र सो उपर व्यवस्थापनको जवाफ, स्थलगत निरीक्षण प्रतिवेदन लगायत उपलब्ध आधिकारिक कागजातबाट सारभुत रुपमा वित्तीय विवरणलाई असर गर्न सक्ने रकम तथा जानकारीलाई अपरिष्कृत वित्तीय विवरणमा आवश्यक समायोजन सहित यस बैंकले तोकेको ढाँचामा प्रस्तुत गरे/नगरेको ।

२. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएका परियोजना कर्जाको हकमा एकीकृत निर्देशन नं. २ मा रहेको व्यवस्था अनुसार यस बैंकको पुर्व स्वीकृति लिएर मात्र कर्जाको ग्रेस अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गरी आम्दानी जनाउन पाइने तर, सोही निर्देशन अनुसार स्वीकृति लिनु नपर्ने भनी तोकिएका अवस्थाहरुमा यस बैंकको पुर्व स्वीकृति लिनु नपर्ने व्यवस्था रहेकोमा सोको पालना भए/नभएको तथा सोको सम्बन्धमा लेखा सम्बन्धी टिप्पणीमा खुलाए/नखुलाएको

३. एकीकृत निर्देशन नं. ४ मा भएको नियमनकारी समायोजन सम्बन्धी व्यवस्था अनुसार नियमनकारी कोषमा जम्मा गर्नु नपर्ने प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकमको सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीमा रकम सहित स्पष्ट खुलाए/नखुलाएको ।

   नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard – NFRS) अनुसार वित्तीय विवरण तयार नगर्ने वित्तीय संस्थाको हकमा एकीकृत निर्देशन नं. ४ बमोजिम असार महिनासम्ममा पाकेको ब्याज वर्षान्त पछिको तोकिएको समयावधि भित्र प्राप्त भएमा सो रकमलाई आफ्नो आम्दानी लेखांकन सम्बन्धी नीति तथा लेखा सम्बन्धी टिप्पणीमा रकम सहित स्पष्ट खुलाई गत आर्थिक वर्षको नाफा नोक्सान हिसावमा आम्दानी जनाए/नजनाएको ।

४. यस बैंकबाट कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाका संस्थापक, संचालक, पदाधिकारी वा सम्बद्ध व्यक्ति तथा त्यस्तो व्यक्तिको वित्तीय स्वार्थ भएको संस्था, फर्म वा कम्पनीलाई प्रवाह भएको कर्जा लाई खराब वर्गमा वर्गीकरण गरी शत-प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था पालना गरे/नगरेको ।

५. एकीकृत निर्देशन नं. ८ मा रहेको व्यवस्था बमोजिम छुट प्रदान गरिएकोमा बाहेक धितोपत्र विनिमय बजारमा सूचीकृत भई नसकेको संगठित संस्थाको सेयर वा डिवेञ्चरमा गरेको लगानी त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गरे/नगरेको ।

६. नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard – NFRS) अनुसार वित्तीय विवरण तयार नगर्ने वित्तीय संस्थाको हकमा स्थगन कर (Deferred Tax) को गणना तथा लेखांकन नेपाल लेखामान अनुसार गर्नुपर्ने । स्थगन कर गणना गर्दा श्रृजना हुने स्थगन कर सम्पत्तिलाई वितरणयोग्य मुनाफाबाट घटाई खुद वितरणयोग्य मुनाफा कायम गर्नुपर्ने तथा सोही खुद वितरणयोग्य मुनाफाबाट मात्र लाभांश घोषणा तथा वितरण गर्न सकिने व्यवस्था पालना भए/नभएको ।

७. इजाजतपत्रप्राप्त संस्थाले सालतमामीमा मौज्दातमा रहेको विदेशी मुद्राको पुनरमूल्याङ्कन गर्दा खुद नोक्सान भएमा नाफा नोक्सान हिसावमा खर्च जनाउनु पर्ने र खुद नाफा भएमा सोलाई नाफा-नोक्सान हिसावमा आम्दानी जनाई उक्त नाफाको कम्तीमा २५ प्रतिशत रकम सटही समिकरण कोषमा जम्मा गरे/नगरेको ।

८. नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard –NFRS) अनुसार वित्तीय विवरण तयार नगर्ने वित्तीय संस्थाको हकमाबैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने प्रयोजनका लागि सम्पत्ति तथा दायित्वको मूल्याङ्कन समेतको आधारमा तय भएको शेयर मुल्य अनुपात (Swap Ratio) का कारण फरक हुन आएको बचत (Surplus) रकमलाई बाँडफाँड नगरी सोझै पुँजीगत जगेडाकोषमा जम्मा गर्नु पर्ने तथा त्यस्तो पुँजीगत जगेडा कोषमा रहेको रकमबाट इजाजतपत्रप्राप्त संस्थाले नगद लाभांश वितरण गर्न नपाउने व्यवस्थाको पालना भए/नभएको ।

९. एकीकृत निर्देशन नं ४ को नियमनकारी समायोजन सम्बन्धी व्यवस्था बमोजिम वित्तीय विवरणहरुमा देहाय बमोजिमको नियमनकारी समायोजन कोष (Regulatory Reserve) मा रकम जम्मा भए/नभएको ।

- वित्तीय विवरणमा रहेको ब्याज आम्दानी मध्ये यस बैंकको निर्देशन बमोजिम नियमनकारी कोषमा राख्न छुट प्रदान गरिएको बाहेकको प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रहेको रकम,
- NFRSs बमोजिमFair Value Through Profit or Loss मा लेखाङ्कन गरेको लगानीका साथै अन्य कुनै सम्पत्तिहरुमा Fair Value Gain (Unrealized Gain) भएमा उक्त लाभ (Gain) वापतको रकम,
- गैरबैकिङ्ग सम्पत्तिको कूल रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस वापतको रकम कट्टा गरी बाँकी हुने रकम,
- स्थगन कर सम्पत्ति बराबरको रकम,

- Goodwill को लेखाङ्कन गर्दा लेखाङ्कन गरिएको वर्षमा सोको किताबी मूल्य (Carrying Amount) बराबरको रकम,
- Merger/Acquisition बाट सिर्जित Bargain Purchase Gain को लेखाङ्कन गरिएमा लेखाङ्कन गर्दाको वर्षमा सोको किताबी मूल्य (Carrying Amount) बराबरको रकम,
- कर्मचारी खर्चको लेखाङ्कन गर्दा बीमांकिय मूल्याङ्कन (Actuary Valuation) बमोजिम सिर्जना भएको बीमांकिय घाटा (Actuarial Loss) लाई Other Comprehensive Income मा लेखाङ्कन भएको अवस्थामा सो बराबरको रकम,
- कुनै खर्च रकम नाफा नोक्सान हिसाबमा लेखाङ्कन नभई Other Comprehensive Income मार्फत वा सोझै इक्विटीमा लेखाङ्कन भई इक्विटी हिसाव अन्तर्गतको सम्बन्धित शीर्षक ऋृणात्मक भएमा सो बराबरको रकम, र
- सम्बन्धित सुपरिवेक्षण विभागले निर्देशन दिए बमोजिमको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्ने ।

१०. नियमनकारी कोषमा जम्मा भएको रकम एकीकृत निर्देशन नं ४ मा उल्लेखित व्यवस्था एवं यस बैंकले दिएको स्वीकृति बाहेकका अवस्थामा खर्च गर्न नपाइने व्यवस्थाको पालना भए/नभएको ।

११. Merger/Acquisition बाट सिर्जित Bargain Purchase Gain को लेखाङ्कन गरी नियमनकारी कोषमा जम्मा भएको सो बापतको रकमबाट Bonus Share जारी गर्ने स्वीकृतिका लागि पेश गर्दा सोको विस्तृत विवरण सहित पेश गरे/नगरेको ।

१२. नियमनकारी कोषमा जम्मा तथा खर्च भएको रकम सहित कोषमा भएको परिवर्तनको विवरण आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गरे/नगरेको ।

१३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम चुक्ता पूँजीको दोब्बर नभएसम्म प्रत्येक आर्थिक वर्षको खुद नाफाबाट कम्तीमा वीस प्रतिशत र त्यस पछिका आर्थिक वर्षमा कम्तीमा दश प्रतिशत रकम साधारण जगेडा कोषमा जम्मा गरे/नगरेको ।

१४. यस बैंकबाट गरिएका स्थलगत निरीक्षणको आधारमा कर्जा नोक्सानी व्यवस्था थप गर्नुपर्ने निर्देशन सहित निरीक्षण प्रतिवेदन संस्थामा प्रेषित भईसकेको अवस्थामा प्रतिवेदन अनुसारको थप कर्जा नोक्सानी व्यवस्था वार्षिक वित्तीय विवरणमा नै कायम गरे/नगरेको ।

    साथै, प्रारम्भिक निरीक्षण प्रतिवेदन संस्थामा पेश भईसकेको तर अन्तिम स्थलगत निरीक्षण प्रतिवेदन कार्यान्वयनका लागि संस्थामा प्रेषित भई नसकेको अवस्थामा स्थलगत निरीक्षण टोलीसंग समन्वय गरी विभागले आवश्यक निर्णय लिनु पर्नेछ । ।

१५. एकीकृत निर्देशनमा तोकिए बमोजिमको प्रतिशतमा संस्थागत सामाजिक उत्तरदायित्व कोष, ग्राहक संरक्षण कोष तथा कर्मचारी दक्षता अभिबृद्धिमा तथा जम्मा तथा खर्च गरे/नगरेको ।

१६. कोभिड-१९ को असर न्यूनीकरण गर्न यस बैंकबाट जारी निर्देशनहरुको पालना सम्बन्धमा संस्थाको वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गरे/नगरेको तथा उक्त निर्देशनहरुको परिपालना सम्बन्धमा संस्थाको बाह्य लेखापरीक्षकले Long Form Audit Report मा प्रष्ट उल्लेख गरे/नगरेको ।

## खण्ड (ख)

## लाभांश स्वीकृति सम्बन्धमा

वित्तीय प्रणालीमा जोखिमको मात्रा बढ्दै गई भविष्यमा बैंक तथा वित्तीय संस्थाहरुले नोक्सानी व्यहोर्नुपर्ने संभावना रहने, कतिपय बैंक तथा वित्तीय संस्थाहरुको जोखिम मूल्याङ्कन एवम् जोखिम न्यूनीकरण, आन्तरिक नियन्त्रण प्रणाली एवम् संस्थागत सुशासनको अवस्था सुदृढ भई नसकेको, तरलताको स्थिति सहज हुँदा पनि पुँजीकोष पर्याप्त नरहेको कारणले कर्जा प्रवाह गर्ने क्षमता समेत प्रभावित हुने तथा कतिपय अवस्थामा कर्जा निरन्तर नवीकरण गरी कर्जा वर्गीकरण समेत प्रभावित हुन सक्ने हुँदा बैंक तथा वित्तीय संस्थाहरुको पुँजीलाई थप सवल गराई, संस्थालाई बढी सुदृढ गराउने गरी लाभांश स्वीकृत गर्ने प्रयोजनको लागि प्रचलित कानुनको अधिनमा रही देहाय अनुसार गर्ने व्यवस्था मिलाइएको छ :

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४७ उपदफा (२) अनुसार निम्न अवस्था पुरा गरेमा मात्र नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिनेः

   क) सम्पूर्ण प्रारम्भिक खर्च अपलेखन गरेको,
   ख) अघिल्लो वर्षसम्म हुन गएको नोक्सानी बाँकी नरहेको,
   ग) तोकिएको पुँजी कायम गरेको,
   घ) तोकिएको न्यूनतम पुँजीकोष कायम गरेको,
   ङ) सम्भावित नोक्सानी व्यवस्थामा छुट्याउनुपर्ने रकम छुट्याएको,
   च) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४४ बमोजिम साधारण जगेडा कोषमा विनियोजन गरेको,
   छ) सर्वसाधारणलाई छुट्याइएको शेयर पूर्ण रुपमा बिक्री बितरण गरेको ।

२. शेयर प्रिमियम तथा Bargain Purchase Gain को रकमबाट नगद लाभांश घोषणा एवं वितरण गर्न स्वीकृति नदिने ।

३. इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने विद्यमान व्यवस्था भन्दा बढी हुनेगरी संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीहरुलाई तोकिएको सीमा कायम नगरे सम्म प्रस्तावित नगद लाभांश तथा वोनश शेयर वितरण रोक्का राख्न लगाउने ।

   तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका वित्तीय क्षेत्रसंग सम्बन्धित कर्मचारी संचयकोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा यस बैंकको स्वीकृति लिई बढीमा २५ प्रतिशतको सीमा कायम हुने गरी एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक शेयर लगानी गर्न बाधा नपुग्ने । साथै, "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा बैंक तथा वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत तथा प्रक्रियागत व्यवस्थामा उल्लेख भए बमोजिम हुने ।

४. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्य इजाजपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा गरेको संस्थापक शेयर लगानी (Cross Holding) बिक्री नगरेसम्म त्यस्तो संस्थाले पाउने नगद लाभांश तथा बोनस शेयर लाभांश वितरण रोक्का राख्ने ।

५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बाहेक अन्य प्रचलित कानून बमोजिम स्थापना भएको बचत तथा ऋणको कारोबार गरिरहेका संस्थाहरुले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा गरेको लगानी बिक्री गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो संस्थाले पाउने नगद लाभांश तथा बोनस शेयर वितरण गर्न रोक्का राख्ने ।

तर "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा यस अघि नै शेयर लिई कायम रहेको अवस्थामा यो व्यवस्था लागु नहुने ।

६. इजाजतपत्रप्राप्त संस्थाले कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्न नसकेको भएतापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न स्वीकृति नदिने ।

७. आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्मको अवधिमा शीघ्र सुधारात्मक कारवाही कार्यान्वयन भई उक्त अवधिसम्ममा त्यस्तो कारवाही फुकुवा नभएको अवस्थामा नगद लाभांश तथा बोनस शेयर घोषणा गर्न वा वितरण गर्न स्वीकृति नदिने ।

८. "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु र पुर्वाधार विकास बैंकहरुको सम्बन्धमा नगद लाभांश घोषणा गर्ने प्रयोजनका लागि क्रमशः **Capital Adequacy Framework, 2015** तथा **Capital Adequacy Framework, 2018** मा रहेको **Capital Conservation Buffer Framework** अनुसार प्रस्तावित नगद लाभांशको रकम घटाए पश्चात सुपरीवेक्षकीय समायोजन सहित Common Equity Tier 1 Ratio को आधारमा तथा प्रस्तावित नगद लाभांशको रकम घटाए पछि बाँकी रहने सुपरीवेक्षकीय समायोजन सहित न्युनतम पुँजीकोष ११ प्रतिशत वा सोभन्दा बढी कायम गरेमा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने ।

"ख", "ग" र "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुको सम्बन्धमा नगद लाभांश घोषणा गर्ने प्रयोजनका लागि क्रमशः एकिकृत निर्देशन नं. १ को अनुसुची १.२ मा रहेको **Capital Adequacy Framework, 2007 (Updated July, 2008)** र लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. १ बमोजिमको व्यवस्था अनुसार इजाजतप्राप्त संस्थाले कायम गर्नुपर्ने तोकिएको न्युनतम पुँजीकोषमा कम्तिमा १ प्रतिशत **Buffer** कायम गर्न उपयुक्त हुने हुँदा बैंक तथा वित्तीय संस्थाहरुले प्रस्तावित नगद लाभांशको रकम घटाए पछि बाँकी रहने सुपरीवेक्षकीय समायोजन सहित देहाय बमोजिमको पुँजीकोष कायम गरेमा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने ।

क) "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पुँजीकोष ११ प्रतिशत वा सो भन्दा बढी रहेको,

ख) "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पुँजीकोष ९ प्रतिशत वा सो भन्दा बढी रहेको,

तर वोनस शेयर वितरण गर्दा कर प्रयोजनका लागि आवश्यक कर रकम बराबर नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिन बाधा नपर्ने ।

९. समस्यामा रहेका बैंक तथा वित्तीय संस्थामा रहेको अन्तरबैंक लगानी, निक्षेप, कर्जा लगायतका दाबीमा शतप्रतिशत नोक्सानी व्यवस्था कायम गर्न लगाउने । त्यसैगरी विविध समस्यामा रही धितो लगायतका सम्पत्ति रोक्का रहेका ग्राहकहरुको कर्जामा समेत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने ।

तर माथि उल्लिखित दाबीहरुमा रहेको धितो बिक्री गर्न यस बैंकले बन्देज लगाएको वा सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न वा रोक्का फुकुवा गर्न पहल गरेको भए कम्तीमा शंकास्पद वर्गको कर्जामा कायम हुनुपर्ने नोक्सानी व्यवस्था कायम गर्नु पर्ने र आगामी आर्थिक वर्षको अन्तसम्ममा शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने । यस बैंकले धितो बिक्री गर्न बन्देज लगाएकोमा वा त्यस्तो सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले बिक्री गर्न तथा रोक्का फुकुवा गर्न यस बैंकमा पत्राचार गरी पहल नगरेमा त्यस्तो धितो रहेको अन्तर बैंक लगानी, निक्षेप, कर्जा लगायतका दावी वापत शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नुपर्ने । साथै, गत आर्थिक वर्षमा नोक्सानी व्यवस्था कायम गरिसकेको अवस्थामा त्यस्तो कर्जा असुल नभएसम्म नोक्सानी व्यवस्था फिर्ता गर्न नपाइने ।

१०. विद्यमान नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard –NFRS) Events after the Reporting Period बमोजिम वित्तीय विवरण जारी गर्ने स्वीकृतिको मिति (Issue Date) सम्मका Adjusting events लाई गत आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गर्न सकिने तर लाभांश घोषणा गर्ने प्रयोजनका लागि आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्रका र बाह्य लेखापरीक्षकद्वारा Adjusting events हो भनी प्रमाणित गरेका Events लाई समायोजन गरी हुन आउने नाफा-नोक्सान हिसाबलाई आधार लिई लाभांश स्वीकृति प्रदान गर्न सकिने ।

तर कर्जा नोक्सानी व्यवस्था फिर्ता रकम समायोजन गर्ने हकमा धितोमा रहेको सम्पत्ति बिक्री तथा ऋणीको आन्तरिक नगद प्रवाहबाट कर्जा चुक्ता गरेको अवस्थामा मात्रै सो कर्जामा कायम रहेको कर्जा नोक्सानी व्यवस्था रकमलाई समायोजन गर्न सकिने ।

११. यस बैंकबाट लाभांश घोषणा तथा वितरणमा सीमा तोकिएको खण्डमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्षको खुद वितरणयोग्य मुनाफाबाट यस बैंकबाट तोकिएको सीमाभन्दा बढी लाभांश घोषणा तथा वितरण गर्न नपाउने ।

आर्थिक वर्ष २०७६/७७ को लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सो आर्थिक वर्षको खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म मात्र नगद लाभांश घोषणा तथा वितरण गर्न पाउने । तर, यस्तो नगद लाभांश इजाजतपत्रप्राप्त संस्थाको २०७७ असार मसान्तमा कायम निक्षेपको भारित औसत ब्याजदरको प्रतिशत भन्दा बढी हुन नहुने तथा खुद वितरणयोग्य मुनाफा कुल चुक्ता पुँजीको ५ प्रतिशतभन्दा कम भएका इजाजतपत्र प्राप्त संस्थाले कर प्रयोजनका लागि बाहेक नगद लाभांश वितरण गर्न नपाउने । यसरी वितरणयोग्य मुनाफा गणना गर्दा कुनै अस्पष्टता नरहोस भन्ने हेतुले यस वर्षको मुनाफामा यस वर्षभन्दा अघिको वर्षहरुबाट संचित रहेको वितरणयोग्य मुनाफालाई जोडेर यस वर्षको लागि कुल वितरणयोग्य मुनाफा गणना गर्न बाधा नपर्ने ।

१२. यस बैंकले तोके बमोजिम मासिक रुपमा औसत व्याजदर अन्तर कायम गर्न नसक्ने बैंक/वित्तीय संस्थालाई उक्त आर्थिक वर्षको बोनस सेयरको कर प्रयोजन बाहेकको नगद लाभांश घोषणा तथा वितरण गर्न रोक लगाउने ।

१३. बैंक वा वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको मितिले पाँच वर्ष पुगेपछि र सर्वसाधारणमा शेयर जारी गरेपछि चुक्ता पूँजीको दुई प्रतिशतभन्दा बढी शेयर धारण गर्ने संस्थापकले आफ्नो नाममा रहेको शेयर धितोबन्धक राखी कर्जा लिंदा यस बैंकको स्वीकृति नलिएको अवस्थामा त्यस्तो शेयरधनीहरुलाई कर्जा चुक्ता नभएसम्म बैंक तथा वित्तीय संस्थाले वितरण गर्ने नगद लाभांश वा बोनस शेयर रोक्का राख्ने ।